# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ७ मिति २०८१।०३।३०


भाग–२

# प्रसौनी गाउँपालिका

## प्रसौनी गाउँपालिकाको स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालन सम्वन्धी कार्यविधि २०८१

स्वीकृत मिति : २०८१।०३।३०

प्रस्तावना:

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालन सम्वन्धी कार्यविधि २०८१ कार्यपालिका द्धारा स्वीकृत गरी जारी गरिएको छ ।

### परिच्छेद-१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम प्रसौनी गाउँपालिकाको स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालन सम्वन्धी कार्यविधि २०८१ रहेको छ ।

२. परिभाषा : विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) "संविधान " भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) "ऐन " भन्नाले संस्था दर्ता ऐन २०३४ लाई सम्झनु पर्दछ ।

(ग) " गाउँपालिका " प्रसौनी गाउँपालिका सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष " भन्नाले प्रसौनी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले प्रसौनी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(छ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(ज) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गठित गाउँसभा सम्झनु पर्छ ।

(झ) "योजना" भन्नाले आयोजना तथा कार्यक्रमसमेतलाई जनाउँछ ।

(ञ) "वडा" भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ट) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ठ) "सदस्य" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

(ड) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ढ) "सरकारी संस्था" भन्नाले गाउँपालिका, वडा कार्यालय, स्थानिय स्तरका विषयगत कार्यालय, विद्यालय आदीलाई जनाउदछ ।

(ण) "गै.स.स" भन्नाले समाज कल्याण ऐन अर्न्तगत दर्ता भएका गै.स.स., आमा समुह, युवा क्लव, उपभोक्ता समिति, सहकारी संस्था, कृषि, पशु लगाएतका विभिन्न व्यवसायिक संस्था आदी लाई जनाउदछ ।

(त) "स्काभेटर, डोजर प्रयोग तथा संचालक समिति" भन्नाले गाउँपालिकाको रोहवरमा स्थानिय नागरीकको आम भेलावाट यस कार्यविधिको दफा ४ अधिनमा रहि गठन भएको समितिलाई जनाउछ ।

(थ) सम्झौता भन्नाले, आयोजनाको निर्माण, सञ्चालन व्यवस्थापन र स्काभेटर डोजर मेशिनरी औजारको प्रयोग तथा मर्मत सम्भारको लागि कार्यालय र संचालक समिति वीच भएको लिखित करारनामा वा कवुलियतनामालाई जनाउनेछ ।

## परिच्छेद–२

## स्काभेटर डोजर र मेशेनरी औजार प्रयोग तथा सचांलक समितिको गठन र संचालन

३. स्काभेटर डोजर र मेशेनरी औजार प्रयोग तथा सचांलक समितिको गठन सम्वन्धी व्यवस्थाः

(१) स्काभेटर डोझर मेशिनरी औजार प्रयोग तथा संचालक समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालकहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देशि ११ जना) सदस्यीय स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समिति गठन गर्नुपर्नेछ ।

(ख) समिति गठनको लागि आम भलो हुने समय, शमिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने समितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजानिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) गाउँपालिका स्तरीय आयोजना सञ्चालनको लागि स्काभेटर डोजर मेशिनरी औजार प्रयोग तथा संचालक समितसको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यपालिकाको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागी स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितत गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(ङ) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितसको संरचना सहितको जानकरीी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(च) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समिति गठन गर्दा समावेशरी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तिस प्रतिसत (३३%) महिला सदस्य हुनपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनपर्नेछ ।

(छ) एक व्यक्ति एकभन्दा बढी स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिको सदस्य हुन पाउने छैन । साथै संगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिको सदस्य हुन पाइने छैन ।

(ज) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालकहरुको बहुमतबाट स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिको गठन गरिने छ ।

(झ) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालकहरुको लागत सहभगितामा सञ्चालन हुने आयोजनाहरु स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिबाट कार्यन्वयन गर्नु प्राथमिकता दिईनेछ ।

(ञ) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(ट) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा सचांलक समितिको अभिलेख अननसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नु पर्नेछ ।

४. स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा सचांलक समितिका सदस्यको योग्यताः

(१) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वाशिन्दा

(ख) १८ वषु उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्नु बाँकी नरहेको

(ङ) अन्य स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिमा सदस्य नरहेको

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि जनप्रतिनिधि,राजनैतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी शिक्षक स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिको सदस्यमा बस्न पाईने छैन ।

५. स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा सचांलक समितिको काम, कर्तब्य अधिकारः

स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा सचांलक समितिको काम कर्तब्य अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालकहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य सुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र सुरु गने,

(घ) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) स्काभेटर डोजर र मेशिनरी औजार प्रयोग तथा संचालक समितिका सदस्यहरुको क्षमता विकास गर्ने ।

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुनणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

(ज) स्काभेटर डोजर र मेशिनरी औजारको संरक्षण, मर्मत सम्भार,रेखदेख र सुरक्षा गर्ने गराउने

(झ) स्काभेटर डोजर र मेशिनरी औजार चलाउने अप्रेटरहरुको परिचालन व्यवस्थापन र क्षमता विकास जस्ता कार्य गर्ने गराउने ।

६. संस्था संचालक समिति दर्ता :१) उल्लेखित संस्था दर्ता गर्न चाहने कम्तीमा सात जना वा सो भन्दा वढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता ऐन २०३४ अनुसार जिम्मेवार अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :–

क संस्थाको नाम,

ख. उद्देश्यहरु

ग. प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेश

घ. आर्थिक श्रोत,

ङ कार्यालयको ठेगाना संस्थाको विद्यान

(२) उपदफा (१) बमोजिमको निबेदन प्राप्त भएपछि जिम्मेवार अधिकारीले आबश्यक जांचबुंझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

७. संस्था वा संचालक समिति सुचिकृत भन्नाले :

१) संस्था दर्ता ऐन २०३४ अनुसार सम्वन्धीत निकायमा दर्ता भएका संस्था लाई गाउँपालिकाको तर्फवाट गरिने अभिलेखांकनलाई जनाउदछ ।

८. सुचिकृत गर्दा आवश्यक पर्ने कागजात ।

(१) आवश्यक पर्ने कागजात भन्नाले निम्न कागजातलाई वुझिन्छ ।

क. जिम्मेवार अधिकारी समक्ष निवेदन,

ख. संस्थाको नाम,
ग. उद्देश्यहरु तथा विद्यान
घ. प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,
ङ. आर्थिक श्रोत,
च. कार्यालयको ठेगाना र रहने स्थानको लालपर्जा प्रतिलिपि तथा भाडामा भए भाडा सम्झौता ।
छ. निजि व्यवसायिक संस्था भए संचालकको फोटो
ज. संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि

(२) उपदफा (१) मा उल्लेखित कागजात सहित निबेदन प्राप्त भएपछि जिम्मेवार अधिकारीले आबश्यक जांचबुंझ गरी संस्था सुचिकृत गन उचित ठानेमा संस्था सुचिकृत गरी प्रमाण-पत्र दिनेछ ।

९. संस्था वा संचालक समिति सुचिकृत गर्ने अधिकारी भन्नाले : गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिलाई लाई वुझिन्छ ।

१०. संचालक समितिको वैठक :

१. संचालक समितिको वैठक समितिका अध्यक्षको अध्यक्षतामा कम्तीमा महिनाको १ पटक वस्नेछ ।
२.अध्यक्ष सहित वहुमतको निर्णय मान्य हुनेछ ।
३. कुल सदस्य संख्याको ७० प्रतिशत सदस्य उपस्थित नभई वैठक वस्न सक्ने छैन ।

११. खाता संचालनः(१) संचालक समितिको खाता कार्यालयले तोकेको वैंकमा सञ्चालन हुनेछ ।
(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरु मध्ये कम्तिमा एकजना महिला हुनुपर्नेछ ।

१२. भुक्तानी तथा निकासा प्रकृया : (१) संचालक समितिलाई सम्झौता वमोजिको भुक्तानी दिंदा वा निकासा दिदां संचालक समितिको नाममा रहेको वैंक खाता मार्फत दिनुपर्नेछ । सथै संचालक समितिल एक व्यक्ति वा सस्थालाई एकलाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

क. गाउँपालिकाले संचालक समितिलाई निकासा दिंदा लिनुपर्ने विवरण :

१. संचालक समिति संग गरेको सम्झौता

२. सम्झौता अनुसार लिनुपर्ने प्राविधिक विवरण तथा कार्य प्रगति
३. संचालक समितिले गरेको खर्चको प्रतिलिपि विल भरपाई
४. संचालक समितिको निवेदन निर्णय
५. आयोजना स्थलका वडाको सिफारिस
६. अन्य आवश्यक कागजातहरु

१३. आर्थिक ब्यवस्थापन : संस्थाका` आम्दानी, खर्च, नाफा, लेखा, लेखापरिक्षण लगायत आर्थिक ब्यबस्थापन देहाय बमोजिम हुनेछ ।

(क) संचालक समितिको आम्दानी

१. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्थाहरु तथा ब्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

२. संचालक समितिले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

३. संचालक समितिले माग गरे वमोजिम गाउँसभाको निर्णयले विनियोजन गरे अनुसार गााउँपालिकाबाट अनुदानको रुपमा दिईने मेशिनरी औजारको लागि वार्षिक इन्धन वापत आवश्यक पर्ने रकम, अप्रेटर तथा सहयोगीको पारिश्रमिकको लागि आवश्यक पर्ने रकम, मर्मत सम्भारको लागि आवश्यक पर्ने रकम र अन्य संचालन खर्चको लागि आवश्यक पर्ने रकम ।

४. संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

(ख) खर्च

१. विकास निर्माणका लागि संचालक समितिको कोषको रकम समितिको निर्णयनासार खर्च हुनेछ

२. संस्था ब्यबस्थापन, संचालन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु संचालक समिति` नीति बमोजिम हुनेछ ।

(ग) नाफा

१. संचालक समितिले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

२. नाफा संचालक समितिको निर्णयअनुसार विकास निर्माणको लागि खर्च गरिनेछ ।

क) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यावस्थापनमा भएको प्रशासनीक खर्चहरुको स्पष्ट लेखा राख्नु पर्दछ ।

१) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब संचालक समिति बैठकमा पेश गर्नु पर्दछ

ख) संस्थाको लेखापरिक्षण देहाय बमोजिम हुनेछ ।

१) संचालक समितिले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

२) आवश्यता अनुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

३) संस्थाले आफ्नो बार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ,

१४. संस्थाको लेखा :

१५. कार्यविधिको पालना गर्नुपर्ने : (१) गाउँपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, स्काभेटर, डोजर र अन्य मेशिनरी औजार सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने संचालक समितिले पुर्णरुपमा यो कार्यविधिको पालना गर्नुपर्नेछ ।

(२) सडक निर्माण कार्यको वार्षिक १ वटा आयोजनाको कुल लागत रु १ करोड सम्म भएको मेशिनरी उपकरणबाट कार्य सम्पन्न गर्नुपर्ने योजनाको हकमा संचालक समिति मार्फत कार्यन्वयन गर्न सकिने छ ।

१६. कार्यविधि लागु : १) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखी लागु हुनेछ ।

१७. कार्यविधिमा परिर्माजन तथा शंशोधन : यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ ।

१८. खारेजी : यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघिय कानुन र अन्य कुनै कानुन संग वाभ्कियमा वा वाभ्कियको हद सम्म अमान्य वा खारेज हुनेछ ।

गाउँ सभाबाट पारित मितिः २०८१।०३।३०
प्रमाणिकरण मिति २०८१।०३।३०

आज्ञाले
सुमित कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत